Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD: 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान


yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ९३ | वि.सं. २०८३ असार ३२ बिहीवार | नेपाल संवत: ११४५, आषाढ शुक्ल द्वितीया | Thursday 16 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### प्रदेशमा पुन:बल्झियो सत्ताका लागि लुछाचुडी

# कांग्रेसका चार मन्त्रीको राजीनामा सुपमा एमालेका चार मन्त्री बर्खास्त





**ओम शाही**
**सुर्खेत, ३१ असार ।**

कर्णाली प्रदेश सरकारमा सहभागी नेपाली कांग्रेसका चार मन्त्रीहरुले सामुहिक राजीनामा दिएका छन् । नेकपा एमालेका नेता यामलाल कँडेल नेतृत्वको सरकारमा कांग्रेसबाट सहभागी सामाजिक विकास मन्त्री घनश्याम भण्डारी, आर्थिक मामिला तथा योजना मन्त्री राजिवविक्रम शाह, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सुरेश अधिकारी, जलस्रोत तथा ऊर्जा विकास मन्त्री विजया बुढाले बुधबार पदबाट राजीनामा दिएका हुन् ।

एक मन्त्रीका अनुसार सरकारलाई कांग्रेसको समर्थन यथावत रहने गरी मुख्यमन्त्री कँडेलसमक्ष राजीनामा दिएको जानकारी दिएका हुन् । उनीहरुको राजीनामा स्वीकृतसमेत भइसकेको छ । 'पार्टीभित्रबाट बजेट प्रस्तुत हुनुअघि नै सरकारबाट बाहिरिनुपर्ने दबाब रहे पनि बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष असर नपरोस् भन्ने थियो । सरकारलाई दिएको समर्थन यथावत हुनेगरी राजीनामा दिएका छौं, बाँकी विषय दल नेताबाट अघि बढ्छ,' ति मन्त्रीले भने ।

उनीहरु २०८१ साउनमा एमाले-कांग्रेसको समिकरणबाट बनेको सरकारमा मन्त्री बनेका थिए । १८ असार २०८१ मा एमाले-कांग्रेसबिच गठवन्धन गर्ने र आलोपालो सरकारको नेतृत्व एमाले अध्यक्ष केपी शर्मा ओलीले गर्नेगरी भागवण्डा भएको थियो ।

सहमति अनुसार प्रदेश अन्तर्गत एमालेले कोसी, लुम्बिनी र कर्णाली, कांग्रेसले बागमती, गण्डकी र सुदूरपश्चिम सरकारको नेतृत्वमा आलोपालो गरेका थिए । मधेशमा भने मधेशवादी दललाई नेतृत्व दिइएको थियो । कर्णालीमा कांग्रेसका मन्त्रीहरुले राजीनामा दिएसँगै मुख्यमन्त्री कँडेल नेतृत्वको सरकार कसरी अगाडी बढ्छ भन्ने विषयमा चासो बढेको छ ।

प्रदेशसभामा कांग्रेस सबैभन्दा ठूलो दल हो भने नेकपा दोस्रो र एमाले तेस्रो दलका रूपमा रहेका छन् । पूर्ववत् सहमति अनुसार सरकारको नेतृत्व लिने वा नयाँ मन्त्री पठाउनेमा कांग्रेसले आधिकारिक धारणा सार्वजनिक गरिसकेको छैन । कर्णालीमा कांग्रेसले सरकारको नेतृत्व लिने चर्चा अहिलेको भने होइन ।

गएको २८ र २९ वैशाखमा पार्टी सभापति गगन थापाले सुर्खेतमा गरेको कार्यक्रमपछि सरकार परिवर्तनमा केही सांसदहरूले चासो लिएका थिए । तर, निवर्तमान पार्टी उपसभापति पूर्णबहादुर खड्काले संविधान र लोकतन्त्रपक्षधर शक्तिहरू एक भएर जानुपर्ने अवस्था आउनसक्ने भन्दै हतार नगर्न सुझाएपछि नेतृत्व परिवर्तनको विषय सेलाएको थियो ।

पूर्वमुख्यमन्त्रीसमेत रहेका कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले पनि उति बेला सरकारको नेतृत्व लिन नचाहेको कांग्रेस स्रोत बताउँछ । कांग्रेसका एक सांसदका अनुसार बजेट ल्याएपछि सकारको नेतृत्व छोड्ने सहमती अनुसार नै मन्त्रीहरुले राजीनामा दिएको हुन सक्ने बताए ।

'एमालेसँगको पूर्ववत् सहमती अनुसार नै मन्त्रीहरुले राजीनामा दिनु भएको होला,' ति सांसदले भने, ' अर्को कुरा दलबाट सरकारमा सहभागी मन्त्रीहरुको कार्यसम्पादन गतिलो भएन भन्ने पनि आइरहेको छ । मन्त्रीहरुको राजिनापछि सरकारको नेतृत्व लिने वा नयाँ मन्त्री पठाउने भन्ने विषयमा दल नेताले टुङ्गो लगाउनु हुन्छ ।'

कांग्रेस सचेतक हिक्मतबहादुर विष्टले मन्त्रीको राजीनामा पछि एमालेसँग भएको सहमति अनुसार नै छलफल अघि बढ्ने बताउँछन् । 'सत्ता साझेदार दल एमालेसँग भएको आलोपालोको सहमती अनुसार नै छलफल अघि बढ्छ,' उनले भने, 'म प्रदेश बाहिर भएकाले सबै बुझिसकेको छैन । बाहिर हल्ला भए जस्तो कांग्रेस-एमाले झगडिए भन्ने चाँही होइन ।' उनले एमालेसँगको सहकार्य तोड्ने विषयमा पार्टीका कुनै पनि तहमा छलफल नभएको दावी गरे ।

मंगलबार कांग्रेस सभापति गगन थापा र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल (प्रचण्ड) बीच भएको भेटपछि कर्णालीका मन्त्रिहरुले दिएको राजीनामालाई विशेष अर्थका रुपमा हेरिएको छ । अर्को सुदूरपश्चिम प्रदेशमा एमालेले बजेट पास गराउन खेलेको डबल भुमिकाले पनि समिकरण फेरिन सक्ने चर्चा छ ।

कांग्रेस नेतृत्वको सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा एमालेले अनावश्यक च्वाखे थापेर दोहोरो चरित्र देखाएपछि एमाले-कांग्रेसबिचको गठवन्धन धरापमा परेको छ । चालु आर्थिक वर्ष सकिन एक दिन बाँकी रहदा एमालेकै कारण सुदूरपश्चिमको बजेट अन्यौलमा परेको छ । कर्णालीका मन्त्रीहरुले राजीनामा दिएसँगै कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले तत्काल मन्त्रीको नाम नपठाउने बताइसकेका छन् । उनले बजेटपछि प्रदेशको नेतृत्व परिवर्तन गर्ने सहमति अनुसार कै प्रक्रिया अघि बढेको बताउँदै तत्काल मन्त्रीको नाम नपठाइने स्पष्ट पारेका छन् ।

यता एमाले स्रोतका अनुसार मुख्यमन्त्री कँडेल कांग्रेसलाई नेतृत्व दिन तयार छन् । उनले सरकारको नेतृत्व लिनेगरी पार्टी केन्द्रका नेताहरुसँग छलफल गर्न कांग्रेस नेता शाहीलाई आग्रह गरिसकेको एमाले स्रोत बताउँछ । यतिमात्रै होइन मुख्यमन्त्री कँडेल एमालेबाट सरकारमा सहभागि मन्त्रीलाई समेत फिर्ता बोलाउने तयारीमा छन् ।

नेकपा एमाले संसदीय दलका नेता टेकराज पछाईले मन्त्रीको राजीनामासँग समिकरण परिवर्तनको विषय नजोडिएको दावी गरे । 'मन्त्रीको राजीनामाले सत्ता समिकरण बदलिन्छ जस्तो त मलाई लाग्दैन,' उनले भने, 'उहाँहरुले राजीनामा मात्रै दिनु भएको हो, समर्थन फिर्ता लिनु भएको होइन । यसलाई समिकरण फेरिन लागेको अर्थमा नबुझौं ।'

२७ चैत २०८० मा तत्कालिन नेकपा माओवादी कन्द्रको समर्थनमा कँडेल मुख्यमन्त्री बनेका थिए । त्यसपश्चात २०८१ असारमा माओवादीसँगको सहकार्य तोडिएपछि कँडेललाई कांग्रेसले समर्थन गरेको थियो । कांग्रेसको समर्थनबाट मुख्यमन्त्री बनेका कँडेलले तीन वर्षयता सरकारको नेतृत्व गरिरहेका छन् । दुई दलबीचको सहमतिअनुसार अब मुख्यमन्त्री कँडेलले सरकारको नेतृत्व कांग्रेस संसदीय दलका नेता शाहीलाई दिनु पर्नेछ ।

## सुदूरपश्चिमका चार मन्त्री बर्खास्त

कांग्रेस नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट पास हुन नदिएर च्वाखे थाप्ने एमालेका चार मन्त्री बर्खास्तमा परेका छन् । बजेट विवादबाट सुरु भएको कांग्रेस-एमालेबीचको टकराव सरकारको भविष्य नै निर्धारण गर्ने तहमा पुगेको छ ।

१ असारमा प्रदेशका आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले आगामी आर्थिक वर्षको लागि ३७ अर्ब ७० करोड रुपैयाँको बजेट प्रदेशसभामा प्रस्तुत गरेका थिए । बजेट सार्वजनिक भएलगत्तै सत्ता साझेदार एमालेले असन्तुष्टि जनायो । बजेटमाथि छलफल अघि बढ्न नदिने रणनीतिमा देखिएको एमालेले अन्ततः छ मन्त्रालयको बजेटविरुद्ध खर्च कटौती प्रस्ताव नै दर्ता गरायो ।

प्रस्तावमा सम्बन्धित मन्त्रालयको बजेट ' एक रुपैयाँ कायम गरियोस्' भन्ने माग राखिएको थियो । त्यससँगै एमालेले बजेट पुनर्लेखनको अडान लियो भने कांग्रेसले त्यसलाई आफ्नै सरकारविरुद्धको राजनीतिक चुनौतीका रूपमा हेर्‍यो ।

विवाद समाधानका लागि मुख्यमन्त्री शाहले पटकपटक छलफल गरे । काठमाडौं पुगेर कांग्रेस शीर्ष नेतृत्वसँग परामर्श गरेपछि बुधबार बिहान धनगढी फर्किएका उनले एमाले मन्त्रीहरूसँग अन्तिम संवाद गरे । छलफलपछि एमाले मन्त्रीहरूले संसदीय दलसँग परामर्श गर्न केही समय मागे ।

मुख्यमन्त्रीले एक घण्टाको समय दिए । तर, समय सकिनुअघि नै उनले एमालेबाट सरकारमा रहेका भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्र पाल, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा, आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्की र भौतिक पूर्वाधार

बाँकी ३ पेजमा

## पर्यटकको रोजाइमा त्रिवेणी पाटन



**युग संवाददाता**
**कालीकोट, ३१ असार ।**

कालीकोट र बाजुराको सीमा क्षेत्रमा पर्ने बडीमालिकाको त्रिवेणी पाटन आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । वर्षायाममा पाटन हराभरा देखिने भएकाले विभिन्न भागबाट आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको हो ।

बडीमालिका घुम्न पर्यटक विगतमा जनैपूर्णिमाको अघिल्लो दिन पूजाका लागि मात्रै जाने गरेकामा अहिले आन्तरिक पर्यटक अन्य बेलामा पनि जान थालेका हुन् । चारैतिर हरियाली, भेडाबाख्रा, गाईभैंसी र घोडाका बथान चरणमा लैजाने बेला रमणीय देखिने भएकाले आन्तरिक पर्यटक जेठ महिनादेखि नै त्रिवेणी पाटन भएर बडीमालिका जाने गरेका छन् ।

त्रिवेणी पाटन समुन्द्री सतहबाट झण्डै चार हजार २१९ मिटरको उचाइमा पर्छ । पाटन घुम्नलाई वैशाखदेखि असोजसम्मको समय उत्तम मानिन्छ । रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले त्रिवेणी पाटनको हरियाली दृश्यले पर्यटकको मन लोभ्याउने गरेको बताउँछन् ।

उनले "त्रिवेणीसँगै ३२ वटा सुन्दर पाटनले पर्यटकलाई रोमाञ्चकता दिने भएकाले अहिले बडीमालिका पूजाको समयमा भन्दा पनि अरु समयमा पर्यटक आउने गरेका छन्", भने । त्रिवेणी पाटनमा लेकाली वन, त्रिवेणी भएर बग्ने खोला, हरियाली फाँट र पाटनमा फुलेका फूलले पाटन पर्यटकको रोजाइमा पर्ने गरेको रास्कोट नगरपालिका-६ का मुस्कान शाहीले बताए ।

यहाँ विभिन्न प्रजातिका वनस्पति, एक सयभन्दा धेरै प्रजातिका फूल फुल्छन् । बहुमूल्य जडीबुटी पाटनमा पाइन्छ । बडीमालिका मन्दीरको पूजा गरेर फर्किंदै गरेका कालीकोट खाँडाचक्र नगरपालिका-५ का निर्माण व्यवसायी गणेश आचार्यले त्रिवेणी पाटनमा घुम्न जाने पर्यटकका लागि बडीमालिकाको त्रिवेणी पाटनमा धर्मशाला, स्नानका लागि एक सय आठ धारा, शौचालय, खानेपानीलगायत संरचना निर्माण गरिएको बताए । गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसीले तीर्थयात्री तथा पर्यटकलाई लक्षित गरेर विभिन्न संरचना निर्माण भइरहेको जानकारी दिए ।

## कर्णालीका विभिन्न निर्देशनालयसहित केन्द्र खारेज

**युग संवाददाता**
**सुर्खेत, ३१ असार ।**

कर्णाली प्रदेश सरकारले निर्देशनालयको नाम हेरफेर, खारेजी तथा तालिम केन्द्रहरू खारेज गरी कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट कार्यसम्पादन गर्ने निर्णय गरेको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिए ।

यसअघि गत जेठ २८ गते बसेको प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले छ निर्देशनलाय र तीन केन्द्र पुनःसंरचना गर्ने निर्णय गरेको उनले बताए । प्रवक्ता शाहका अनुसार उक्त बैठकले पूर्वाधार विकास निर्देशनालय, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, पशुपन्छी विकास निर्देशनालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र प्रदेश वन निर्देशनालय सुर्खेतका

बाँकी ३ पेजमा

GANGAMALA
TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



MINI BUS
JEEP/CAR
EV VAN
SUMO JEEP

## सम्पादकीय....

# कहिले रोकिन्छ अनुदानको दुरुपयोग ?

कृषि उत्पादन बढाउने मात्र होइन, त्यसको सुरक्षित भण्डारण, प्रशोधन र बजार व्यवस्थापन सुनिश्चित गर्नु पनि राज्यको महत्वपूर्ण दायित्व हो । यही उद्देश्य पूरा गर्न कर्णालीमा कोल्ड स्टोर र कृषि प्रशोधन उद्योग निर्माणमा करोडौं रुपैयाँ अनुदान खर्च गरिएको छ । तर, रुकुम पश्चिमका तीन वटा कोल्ड स्टोर र एउटा आलु चिप्स उद्योगको अवस्था हेर्दा राज्यको लगानी अपेक्षित प्रतिफल दिन नसकेको मात्र होइन, सार्वजनिक स्रोतको दुरुपयोग भएको स्पष्ट देखिन्छ । आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१ सम्म कृषि विकास कार्यालय रुकुम पश्चिमले तीन वटा कोल्ड स्टोर र आलु प्रशोधन उद्योगका लागि तीन करोड ७३ लाख १० हजार रुपैयाँ अनुदान उपलब्ध गराएको थियो । आठबिसकोट नगरपालिका-१ मा स्थापना गरिएको आलु चिप्स उद्योगमा मात्रै कृषि विकास कार्यालय र नगरपालिकाको गरी ६३ लाख ४६ हजार रुपैयाँ लगानी भएको छ । किसानबाट आलु संकलन, प्रशोधन र बजार विस्तार गर्ने उद्देश्यका साथ निर्माण गरिएका संरचना र उपकरण अहिले प्रयोगविहीन बनेका छन् ।

उद्योग स्थापना भएको झण्डै सात वर्ष बितिसक्दा पनि विद्युत, व्यवस्थापन र सञ्चालनको बहानामा योजना अलपत्र छ । यस्तै, अवस्था त्रिवेणी गाउँपालिका-३ र चौरजहारी नगरपालिका-३ का कोल्ड स्टोरहरूको पनि छ । एकातिर करोडौं खर्च गरेर भवन र उपकरण खरिद गरिएका छन् भने अर्कोतिर सञ्चालनको मोडालिटी, स्वामित्व, विद्युत र व्यवस्थापनको आधारभूत तयारी नै गरिएको देखिँदैन । कतै निजी जग्गामा संरचना बनेर स्वामित्व विवाद सिर्जना भएको छ भने कतै विद्युतको बक्यौता र सञ्चालन खर्चको व्यवस्थापन हुन सकेको छैन । योजना निर्माणअघि आवश्यक अध्ययन र दीर्घकालीन सञ्चालन रणनीति नबनाइँदा सरकारी लगानी निष्क्रिय सम्पत्तिमा परिणत भएको छ । यी आयोजनाबारे महालेखापरीक्षकको कार्यालयले पनि अनुगमन र मूल्याङ्कन नभएको तथा अनुदानको उद्देश्यअनुसार संरचनाको उपयोग हुन नसकेको भन्दै प्रश्न उठाएको छ । यो टिप्पणी सामान्य प्रशासनिक कमजोरी होइन, सार्वजनिक वित्तीय अनुशासनमाथीको गम्भीर प्रश्न हो । अनुदान वितरण गरेर दायित्व पूरा भएको ठान्ने प्रवृत्तिले यस्ता परियोजनालाई असफल बनाएको छ । कर्णालीमा यस्ता उदाहरण रुकुम पश्चिममा मात्र सीमित छैनन् ।

पहुँच, राजनीतिक दबाब वा पर्याप्त सम्भाव्यता अध्ययनबिनै निर्माण गरिएका धेरै कोल्ड स्टोर सञ्चालनविहीन छन् । तर, किन यस्ता योजना असफल भए, कहाँ कमजोरी रह्यो र आगामी दिनमा यस्ता गल्ती कसरी रोक्ने भन्ने विषयमा प्रदेश सरकारले अहिलेसम्म गम्भीर अध्ययन गरेको देखिँदैन । अब सरकारले संरचना निर्माणलाई उपलब्धिको मापन बनाउने पुरानो सोच त्याग्नुपर्छ । सञ्चालन हुन नसक्ने आयोजनाको जिम्मेवारी निर्धारण, अनुदानको प्रभावकारिताको स्वतन्त्र मूल्याङ्कन र दोषीलाई जवाफदेही बनाउने प्रणाली विकास गर्नु अपरिहार्य छ । अन्यथा किसानको नाममा खर्च गरिएका करोडौं रुपैयाँ कागजमा मात्रै सीमित हुनेछन् र विकासका नाममा दोहोरिँदै आएका यस्ता असफल योजनाले राज्यप्रतिको जनविश्वास झन् कमजोर बनाउनेछन् । प्रदेश स्थापना भएयता निर्माण भएका कोल्ड स्टोरहरु उद्देश्य बमोजिम सञ्चालनमा छन् वा छैनन् भन्ने विषयमा नियामक निकायले सुक्ष्म अध्ययन गर्न जरुरी छ । उद्देश्य अनुरुप सञ्चालनमा छन् भने तिनलाई थप प्रोत्साहन दिइनु पर्दछ । अन्यथा पहुँचका भरमा अनुदान खान बनाइएका कोल्ड स्टोर निर्माणमा संलग्नलाई हदैसम्मको कारवाही गर्ने ल्याकत सरकारले राख्न सक्नु पर्छ । होइन भने अनुदान खाने प्रवृत्ति कदापी अन्त्य हुनेछैन ।

## विश्व

# अमेरिकाद्वारा होर्मुजमा सैनिक नाकाबन्दी नवीकरण

**तेहरान, ३१ असार ।** अमेरिकी सेनाले इरानमा आक्रमण जारी राख्दै होर्मुजलगायतका बन्दरगाहहरूमा नौसैनिक नाकाबन्दी पुनः लागू गरेको जनाइएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हार्मुज जलमार्ग प्रयोग गर्ने जहाजहरूमा २० प्रतिशत कर लगाउने आफ्नो योजना फिर्ता लिएको केही घन्टा पछि पुनः आक्रमण भएको थियो भने मध्य पूर्वमा भड्किएको युद्धले विश्वव्यापी ऊर्जाको मूल्यमा उछाल ल्याएको जनाइएको छ ।

तेहरानले प्रमुख तेल ढुवानी कोरिडोर हार्मुजलाई नियन्त्रण गर्ने कुरामा जोड दिएको छ भने जुन गत फेब्रुअरीको अन्त्यमा अमेरिका- इजरायली आक्रमणले द्वन्द्व निम्त्याउनु अघि स्वतन्त्र आवागमनका लागि खुला थियो ।

इरानको रिभोलुसनरी गाड्र्सले नयाँ अमेरिकी नाकाबन्दीले अमेरिकाका आर्थिक प्रतिद्वन्द्वीहरू सहित विश्वमा तेल तथा ग्याँसको निर्यातमा कटौती गर्दै अमेरिका र सहयोगीहरूको अन्य सेवा मार्गहरू पनि बन्द हुन सक्ने चेतावनी दिएको छ ।

यस क्षेत्रबाट हुने तेल र ग्यास निर्यात सहज भए सबैका लागि उपलब्ध हुने तर युद्ध भड्किए कसैका लागि पनि उपलब्ध नहुने जनाइएको छ ।

इरानी उपविदेशमन्त्री काजेम गरिबाबादीले गत महिना शत्रुता रोक्न र शान्ति वार्तालाई अगाडि बढाउनका लागि भएको अन्तरिम सम्झौतालाई उल्लेख गर्दै नाकाबन्दी पुनस्र्थापना गर्ने अमेरिकी निर्णयले इस्लामाबाद सम्झौतालाई ध्वस्त पारेको ब ताएका छन् ।

पाँचौं दिनमा प्रवेश गरेको लगातारको झडपमा, युएस सेन्ट्रल कमान्ड (सेन्टकम) ले "व्यापारिक जहाज र नागरिक कर्मचारीहरूलाई धम्की दिने इरानको क्षमतालाई कम गर्न" देशको तटमा रहेको जलमार्ग र अन्य दर्जनौं इरानी सैन्य लक्ष्यहरू प्रहार गरेको बताएको छ ।

इरानी मिडियाले बन्दरगाह सहर बन्दर अब्बास नजिकै, केशम टापु र बन्दर इमाम खोमेनीमा विस्फोट भएको रिपोर्ट गरेका छन् ।

आक्रमणको लगत्तै पछि बहराइनमा साइरन बजेर कुवेत र जोर्डनले इरानबाट फायर गरिएका ड्रोन तथा मिसाइलहरू रोकेको रिपोर्ट गरिएको छ ।

आईआरएनए समाचार एजेन्सीले इरानी सेनाले जोर्डनको सैन्य अड्डामा ड्रोन आक्रमण गरेको रिपोर्ट गरेको छ जहाँ अमेरिकी लडाकु विमानहरू राखिएको छ ।

यदि तेहरान वार्ताको टेबलमा फर्किएन भने ट्रम्पले अर्को हप्ता पावर प्लान्ट र पुलहरूमा आक्रमण गर्ने चेतावनी दिएको फक्स न्यूजले जनाएको छ ।

लडाकुहरूको जवाफी कारबाही जारी रहनेछ, र संयुक्त राज्य अमेरिकाले आफ्नो आक्रमणको कार्यहरू अन्त्य नगरे सम्म स्ट्रेट अफ होर्मुज बन्द रहने गार्डहरूले विज्ञप्ति जारी गर्दै जनाएका छन् ।

# पुराना दलहरूप्रति असन्तुष्टि किन बढ्यो ?



✍ **डा. शोभाकर पराजुली**

लोकतन्त्रको सबैभन्दा ठूलो शक्ति जनता हुन् । जनता नै राज्यसत्ताको स्रोत हुन् । जनता नै परिवर्तनका वाहक हुन् र अन्ततः जनताले नै कुनै राजनीतिक दललाई इतिहासमा उचाइमा पुऱ्याउँछन् वा किनारामा पुऱ्याउँछन् । त्यसैले जब जनताको मनमा असन्तुष्टि बढ्न थाल्छ, त्यसलाई केवल चुनावी अङ्कगणितका रूपमा बुझ्नु पर्याप्त हुँदैन ।

त्यो समाजको मनोविज्ञान, अर्थतन्त्र, शासन प्रणाली र राजनीतिक संस्कृतिमा देखिएको परिवर्तनको सङ्केत पनि हो । आज नेपालमा पुराना राजनीतिक दलहरूप्रति बढ्दो असन्तुष्टि देखिनु लोकतन्त्रको असफलता होइन; लोकतन्त्रबाट जनताले राखेको अपेक्षा अझ उचाइमा पुगेको प्रमाण हो ।

जनताले परिवर्तनलाई केवल राजनीतिक संरचनामा होइन, आफ्नै जीवनमा महसुस गर्न चाहेका छन् । जब त्यो अनुभूति अपेक्षित रूपमा हुन सकेन, तब प्रश्नहरू उठ्न थाले । नेपालको लोकतान्त्रिक आन्दोलनले नागरिकलाई मतदानको अधिकार दियो, अभिव्यक्ति स्वतन्त्रता दियो, प्रेस स्वतन्त्रता दियो, समावेशिताको आधार बनायो, संविधानमार्फत मौलिक अधिकार सुनिश्चित गऱ्यो । यी उपलब्धिहरू कुनै साना उपलब्धि होइनन् ।

तर लोकतन्त्रको अर्को महत्त्वपूर्ण पक्ष पनि छ- जनताको जीवनस्तरमा सुधार । लोकतन्त्र केवल मतदान गर्ने व्यवस्था मात्र होइन; सम्मानपूर्वक बाँच्न सक्ने अवसर निर्माण गर्ने प्रणाली पनि हो । जब शिक्षित युवा आफ्नो देशमै भविष्य देख्न सक्दैन, किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउँदैन, साना उद्यमीले व्यवसाय विस्तार गर्न कठिनाइ भोग्छन् र सेवाग्राहीले सामान्य सरकारी सेवा लिन पनि अनेक झन्झट बेहोर्नुपर्छ, तब जनताले स्वाभाविक रूपमा प्रश्न गर्छन्- 'हामीले अपेक्षा गरेको परिवर्तन कहाँ छ ?'

यही प्रश्नको केन्द्रमा सबैभन्दा पहिले रोजगारी आउँछ । नेपालका लाखौं युवाले उच्च शिक्षा पूरा गरेपछि पनि आफ्नो योग्यताअनुसारको अवसर पाउन सङ्घर्ष गरिरहेका छन् । धेरै युवाका लागि विदेश जाने निर्णय सपना होइन, बाध्यता बनेको छ । परिवारसँग बस्न, आफ्नै देशमा काम गर्न र आफ्नै समाज निर्माणमा योगदान दिन चाहँदाचाहँदै पनि पर्याप्त अवसर नपाएको अनुभूतिले उनीहरूलाई निराश बनाएको छ ।देशको सबैभन्दा ऊर्जाशील जनशक्ति विदेशिनु केवल आर्थिक विषय होइन; यो सामाजिक र राष्ट्रिय चुनौती पनि हो । गाउँमा वृद्ध आमाबुबा, सहरमा एक्ला परिवार, बाबुको अनुहार मोबाइलको पर्दाबाट मात्र चिनेका बालबालिका र रित्तिँदै गएका बस्तीहरूले विकासको एउटा पीडादायी चित्र पनि प्रस्तुत गर्छन् ।

यस्तोमा जनताले प्रश्न गर्छन्- 'यदि आफ्नै देशमा सम्मानजनक रोजगारीको वातावरण निर्माण हुन सकेन भने राजनीतिक परिवर्तनको वास्तविक उपलब्धि के रह्यो ?'

यससँगै सुशासन जनताको अर्को प्रमुख अपेक्षा हो । आज नागरिक केवल सेवा होइन, सम्मानजनक सेवा चाहन्छन् । उनीहरू कार्यालयमा घण्टौं लाइन बस्न चाहँदैनन्, सामान्य कामका लागि अनेक सिफारिस खोज्न चाहँदैनन्, अनावश्यक ढिलाइ र जटिल प्रक्रियाबाट हैरान हुन चाहँदैनन् । आधुनिक प्रविधिको युगमा छिटो, पारदर्शी र उत्तरदायी सेवा नागरिकको अधिकार बनेको छ ।

जब शासन प्रणाली अपेक्षित रूपमा प्रभावकारी देखिँदैन, जनताले त्यसको जिम्मेवारी निर्वाचित नेतृत्वसँग पनि जोड्छन् । यसै कारणले सुशासन आज राजनीतिक विश्वासको केन्द्रविन्दु बनेको छ ।

भ्रष्टाचारप्रतिको धारणा पनि जनविश्वास कमजोर हुने अर्को महत्त्वपूर्ण कारण हो । प्रत्येक आरोप सत्य हुन्छ भन्ने होइन, तर लोकतन्त्रमा जनधारणा स्वयं एक प्रकारको राजनीतिक यथार्थ हो । यदि नागरिकले सार्वजनिक स्रोतको दुरुपयोग, अनियमितता वा प्रभावशाली व्यक्तिका लागि फरक नियम लागू भएको अनुभव गर्छन् भने उनीहरूको विश्वास कमजोर हुन्छ ।

जनताले आज कठोर कानुनभन्दा पहिले निष्पक्ष कार्यान्वयन खोजिरहेका छन् । उनीहरू यस्तो शासन चाहन्छन्, जहाँ नियम सबैका लागि समान होस्, जिम्मेवारी स्पष्ट होस् र सार्वजनिक पदलाई व्यक्तिगत लाभको माध्यम होइन, सेवाको अवसर मानियोस् । विश्वास एक पटक कमजोर भएपछि त्यसलाई पुनः निर्माण गर्न धेरै समय, इमान्दारी र निरन्तर व्यवहार आवश्यक पर्छ ।

नेपालको अर्को ठूलो चुनौती आर्थिक असमानता र जीवनयापनको बढ्दो लागत हो । बजारमा मूल्यवृद्धि हुँदा त्यसको सबैभन्दा बढी असर न्यून आय भएका परिवारमा पर्छ । दैनिक उपभोग्य वस्तुको मूल्य बढ्दै जाँदा, आम्दानीको वृद्धि त्यसअनुसार हुन नसक्दा र आर्थिक अनिश्चितता बढ्दा जनतामा असन्तोष स्वाभाविक रूपमा बढ्छ ।

आर्थिक वृद्धिसम्बन्धी तथ्याङ्क सकारात्मक देखिए पनि यदि त्यो वृद्धि आमनागरिकको जीवनमा प्रत्यक्ष अनुभूत हुन सकेन भने जनविश्वास निर्माण हुन सक्दैन । विकासका ठूला परियोजना आवश्यक छन्, तर जनताले आफ्नो भान्सामा, आफ्नो रोजगारीमा र आफ्ना छोराछोरीको भविष्यमा पनि विकासको अनुभूति खोजिरहेका हुन्छन् ।

युवा पलायन केवल आर्थिक कारणले मात्र भएको छैन; यो अवसर, विश्वास र भविष्यसँग पनि जोडिएको विषय हो । आजको पुस्ता विश्वसँग जोडिएको छ । उनीहरूले अन्य देशका अवसर, शिक्षा, प्रविधि र शासन प्रणाली नजिकबाट देखिरहेका छन् । त्यसैले उनीहरूको अपेक्षा पनि पहिलेभन्दा धेरै उच्च छ ।

उनीहरू अवसरको समानता, योग्यताको सम्मान, पारदर्शी प्रतिस्पर्धा र परिणाममुखी नेतृत्व खोजिरहेका छन् । देशभित्र उनीहरूले आफ्नो क्षमता प्रयोग गर्ने वातावरण देखेनन् भने विदेश जाने निर्णय अझ सहज हुन्छ । यसले देशको उत्पादनशील जनशक्ति मात्र होइन, दीर्घकालीन राष्ट्रिय सम्भावनामाथि पनि प्रभाव पार्छ । सामाजिक सञ्जाल र डिजिटल युगले पनि जनमत निर्माणको स्वरूप परिवर्तन गरेको छ । पहिले सूचना सीमित स्रोतबाट प्रवाह हुन्थ्यो, आज प्रत्येक नागरिक आफैँ सूचना प्रवाहकर्ता बनेका छन् । राम्रो काम पनि केही मिनेटमै देशभर फैलिन्छ, कमजोरी पनि तुरुन्तै सार्वजनिक हुन्छ । यसले राजनीतिक नेतृत्वमाथि उत्तरदायित्वको दबाब बढाएको छ । अब भाषणभन्दा व्यवहार, घोषणाभन्दा परिणाम र प्रचारभन्दा कार्यसम्पादनले जनमत निर्माण गर्छ । यो परिवर्तनलाई बुझ्न नसक्ने कुनै पनि राजनीतिक शक्ति समयसँग पछि पर्न सक्छ ।

यसका साथै जनतामा राजनीतिक संस्कृतिप्रति पनि प्रश्न उठ्न थालेका छन् । उनीहरू सरकार परिवर्तनको मात्र होइन, कार्यशैली परिवर्तनको अपेक्षा राख्छन् । व्यक्तिगत आरोप-प्रत्यारोप, अनावश्यक टकराव र गुटीय विवादले नागरिकलाई निराश बनाउँछ । जनता समाधान खोजिरहेका छन्, विवाद होइन ।

उनीहरू राष्ट्रिय हितका विषयमा सहमति, दीर्घकालीन नीति र स्थिर दिशाको अपेक्षा गर्छन् । लोकतन्त्रको अर्थ निरन्तर झगडा होइन; असहमतिलाई पनि संवादमार्फत समाधान गर्ने क्षमता हो भन्ने अनुभूति नागरिकले व्यवहारमै देख्न चाहेका छन् ।

यद्यपि, यहाँ एउटा महत्त्वपूर्ण सत्यलाई पनि स्वीकार गर्नुपर्छ । आज नेपालले भोगिरहेका सबै चुनौती कुनै एक दल, एक सरकार वा एक व्यक्तिका कारण मात्र उत्पन्न भएका होइनन् । भौगोलिक अवस्था, सीमित आर्थिक स्रोत, विश्वव्यापी आर्थिक उतारचढाव, महामारीको प्रभाव, जलवायु परिवर्तन, अन्तर ाष्ट्रिय श्रमबजारको आकर्षण र दीर्घकालीन संरचनात्मक समस्याले पनि नेपालको विकास यात्रालाई प्रभावित गरेका छन् ।

त्यसैले समाधान खोज्दा दोषारोपणभन्दा साझा जिम्मेवारीको भावना आवश्यक हुन्छ । तर साझा जिम्मेवारीको अर्थ कसैले पनि जिम्मेवारी नलिने होइन । नेतृत्व गर्नेले नै उत्तरदायित्व पनि वहन गर्नुपर्छ । यही लोकतन्त्रको आधारभूत सिद्धान्त हो ।

नेपाली कांग्रेसका लागि पनि यही सन्देश लागू हुन्छ । यस पार्टीले आफ्नो गौरवशाली इतिहासलाई वर्तमानको जनअपेक्षासँग जोड्न सक्नुपर्छ । जनताले अब इतिहासको सम्मान त गर्छन्, तर भविष्यको योजना पनि हेर्छन् । उनीहरूलाई विगतको सङ्घर्ष सुनाउनु आवश्यक छ, तर वर्तमानको समाधान देखाउनु अझ आवश्यक छ ।

जनताले त्यही राजनीतिक शक्तिलाई पुनः विश्वास गर्छन्, जसले उनीहरूको पीडा सुन्छ, आफ्ना कमजोरी स्वीकार गर्छ, सुधारको स्पष्ट मार्ग प्रस्तुत गर्छ र त्यसलाई व्यवहारमा लागू गर्छ ।

लोकतन्त्रमा जनताको विश्वास हराउनु सबैभन्दा ठूलो सङ्कट हो, तर त्यो विश्वास पुनः प्राप्त गर्नु असम्भव होइन । इतिहास साक्षी छ- जनताको बिचमा इमान्दारीका साथ फर्कने, आत्मसमीक्षा गर्ने र सेवा तथा सुशासनलाई प्राथमिकता दिने राजनीतिक शक्तिलाई जनताले फेरि अवसर दिएका छन् ।

त्यसैले नेपाली कांग्रेसले पनि यदि आफ्ना संस्थापकहरूको त्यागलाई वर्तमानको नीति र व्यवहारसँग जोड्न सक्यो भने जनविश्वास पुनः निर्माण गर्न सक्छ । जनता पूर्णता खोज्दैनन्; उनीहरू सत्यनिष्ठा, उत्तरदायित्व र परिवर्तनको स्पष्ट प्रतिबद्धता खोज्छन् ।

आज समयले नेपाली कांग्रेसलाई एउटा गम्भीर सन्देश दिइरहेको छ- 'जनताको असन्तुष्टि विरोध होइन, चेतावनी हो । चेतावनी अन्त्यको सङ्केत होइन, सुधारको अवसर हो ।' यो सन्देश जसले बुझ्छ, उसले भविष्य निर्माण गर्छ । जसले बेवास्ता गर्छ, उसलाई इतिहासले कठोर पाठ पढाउँछ ।

नेपाली कांग्रेससँग अझै पनि त्यो ऐतिहासिक अवसर बाँकी छ कि उसले जनविश्वासलाई पुनः आफ्नो सबैभन्दा ठूलो शक्ति बनाओस् । तर त्यसका लागि अब केवल विगतको गौरव होइन, वर्तमानको इमान्दार कर्म र भविष्यप्रतिको स्पष्ट दृष्टि आवश्यक छ ।

*(रातोपाटी)*



## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |
| जिल्ला अस्पताल कालीकोट | : ०८७- |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | केही राम्रा अवसर प्राप्त हुने समय छ । तर पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ । तत्काल निर्णय लिन नसक्दा काममा पछि परिनेछ । | तुला | आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । मिहिनेत गर्दा आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । |
| वृष | सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । | वृश्चिक | जिम्मेवारी आए पनि उपलब्धिका लागि केही समय लाग्नेछ । अस्वस्थताले काममा जुट्न नसकिएला । सहयोगको आशा देखाउनेहरूबाट धोका हुन सक्छ । |
| मिथुन | समयमा आफ्नो हक दाबी गर्न नसक्दा कम मात्र लाभांश प्राप्त हुनेछ । आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । | धनु | अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ । लगानीमा जोखिम बढ्ने समय छ । गोपनीयता बाहिरिन सक्छ । |
| कर्कट | रमाइलो जमघटमा सहभागी बन्ने समय छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । | मकर | परिस्थिति प्रतिकूल रहे पनि मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । |
| सिंह | खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला । सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ । उठ्नुपर्ने रकम तत्काल उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ । | कुम्भ | काम बन्नुका साथै भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । लगनशीलताले नयाँ काम गर्ने अवसर दिलाउनेछ । |
| कन्या | व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ । सञ्चित धनले फाइदा दिलाउनेछ । | मीन | छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । समयतालिका नमिल्दा योजना अधुरै रहनेछ । |

# अन्तरराष्ट्रिय सम्मानले उचाल्यो म्याराथनको साख

◣युग संवाददाता
बाँके, ३१ असार

"मैले पनि सोचेको थिएन एम्सले मलाई यसरी सम्मान गर्छ र मैले नै यो वर्षको अवार्ड पाउँछु भन्ने। काम गर्दै जाँदा यस्ता अन्तरराष्ट्रिय अवार्डले पनि सम्मानित भइनेरहेछ", यो भनाइ हो-नेपालगन्ज धारा म्याराथनका संस्थापक अध्यक्ष टिएस ठकुरीको।

नेपालगञ्जलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुदको नक्सामा स्थापित गर्ने उद्देश्यले करिब एक दशकअघि सुरु गरिएको नेपालगञ्ज धारा म्याराथुनले यस वर्ष प्रतिष्ठित एम्स सोसल अवार्ड-२०२६ प्राप्त गरेपछि बाँकेसहित समग्र नेपाली खेलकुद क्षेत्र उत्साहित बनेको छ। विश्वका विभिन्न देशका खेलकुद संस्था आबद्ध रहेको एम्सबाट नेपालले पहिलोपटक प्राप्त गरेको यो सम्मानले नेपालगन्ज धारा म्याराथनलाई मात्र होइन, सिङ्गो नेपालको खेलकुदलाई अन्तरराष्ट्रिय समुदायमाझ नयाँ परिचय दिलाएको छ।

बाँकेको खजुरा गाउँपालिकामा जन्मिएका टिएस ठकुरीले आफ्नो व्यावसायिक यात्रा पत्रकारिताबाट सुरु गरेका थिए। उनले २०६५ देखि २०६९ सालसम्म काठमाडौँस्थित नेपाल समाचारपत्रमा पत्रकारिता गरे। राजधानीमा रहँदा देशका विभिन्न सहरले खेलकुदका माध्यमबाट आफ्नो पहिचान निर्माण गरिरहेको देख्दा उनलाई नेपालगन्ज भने सम्भावना हुँदाहुँदै पनि ओझेलमा परेको महसुस भयो। यही सोचले उनलाई नेपालगन्जलाई फरक ढङ्गले चिनाउने अभियान सुरु गर्न प्रेरित गऱ्यो।

त्यतिबेला पोखरा म्याराथन, धरानको बुढासुब्बा गोल्डकप तथा रुपन्देहीको तिलोत्तमा म्याराथनजस्ता प्रतियोगिताले राष्ट्रिय चर्चा पाउने गर्थे। नेपालगन्जलाई पनि खेलकुदमार्फत राष्ट्रिय पहिचान दिलाउन सकिन्छ भन्ने विश्वासका साथ उनले म्याराथनलाई रोजे।

धावन एउटा यस्तो खेल हो, जहाँ उमेर, पेसा वा सामाजिक पृष्ठभूमिभन्दा इच्छाशक्ति र सहभागिताले महत्व पाउँछ। यही कारण सबैलाई समेट्ने खेलका रूपमा म्याराथनलाई अघि बढाइएको उनी बताउँछन्।

सन् २०१५ मा आयोजना गरिएको पहिलो नेपालगन्ज धारा म्याराथनमा ३१५ जना धावक सहभागी भएका थिए। सीमित स्रोत, न्यून अनुभव र आर्थिक अभावबीच सुरु भएको प्रतियोगिता आज हजारौँ धावकको सहभागिता हुने अन्तरराष्ट्रियस्तरको प्रतियोगिताका रूपमा विकसित भएको छ। हाल प्रत्येक संस्करणमा झण्डै पाँच हजारभन्दा बढी धावक सहभागी हुने गरेका छन् तर टिएसका लागि खेलकुदको यो यात्रा भने सहज थिएन।

प्रतियोगिता सञ्चालनका लागि सबैभन्दा ठूलो चुनौती आर्थिक व्यवस्थापन नै हुन्छ। त्यसमा पनि म्याराथन जस्तो खेल सामान्य त हुने कुरै भएन। खेलप्रतिको विश्वास र दृढ इच्छा शक्तिका आधारमा टिएस ठकुरीले निजी क्षेत्रसँग सहकार्यको पहल गरे। उनले 'के एल दुग्गड ग्रुप अफ कम्पनी'लाई नेपालगन्जको पहिचान निर्माण गर्ने अभियानमा




सहभागी हुन आग्रह गर्नुभयो। कम्पनीका नेपालगन्ज प्रमुख कार्यकारी अधिकृत प्रदीप छाजेडले पनि टिएसको उक्त अवधारणालाई सकारात्मक रूपमा स्वीकार गरे। त्यसयता निरन्तर 'के एल दुग्गड ग्रुप' नै मुख्य प्रायोजक रहँदै आएको छ। यही सहकार्यका कारण प्रतियोगिता 'नेपालगन्ज धारा म्याराथन' नामले स्थापित हुन सफल भएको।

पहिलो संस्करणदेखि नै प्रतियोगिताले खेलकुदसँगै सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकता दिँदै आएको छ। स्वस्थ जीवनशैली, युवालाई खेलतर्फ आकर्षित गर्ने, महिला सहभागिता बढाउने तथा नेपालगन्जलाई खेल पर्यटनसँग जोड्ने उद्देश्यले विभिन्न गतिविधि सञ्चालन गरिँदै आएका छन्। यसले स्थानीय होटल, यातायात, व्यापार तथा पर्यटन व्यवसायलाई प्रत्यक्ष रूपमा लाभ पुऱ्याउँदै आएको छ।

विश्वका १२० देश आबद्ध रहेको एम्ससँग करिब ६०० सदस्य संस्था छन्। नेपालबाट यसवर्ष प्राप्त भएको यो पहिलो तथा एकमात्र अवार्ड हो। टिएस ठकुरीका अनुसार एम्ससँग आबद्ध हुने नेपालको पहिलो म्याराथन पनि नेपालगन्ज धारा म्याराथन नै हो। हाल नेपालका सात वटा म्याराथन एम्ससँग आबद्ध भए पनि नेपालगन्ज धारा म्याराथनले सुरुदेखि नै अन्तरराष्ट्रिय सम्बन्ध विस्तारमा अग्रणी भूमिका खेलेको उनको भनाई छ। यो सम्मान प्राप्त भएपछि पनि आफूले यसलाई व्यक्तिगत उपलब्धिका रूपमा नलिएको टिएस ठकुरी बताउँछन्। "मैले नेपालगन्ज धारा म्याराथन कुनै अवार्ड जित्ने उद्देश्यले सुरु गरेको होइन। मेरो एउटै सपना थियो, नेपालगन्जलाई खेलकुदमार्फत चिनाउने। आज त्यो सपना पूरा हुँदै गएको देख्दा अत्यन्त खुसी लागेको छ", उनले भने, "यो सम्मान मेरो व्यक्तिगत होइन, सिङ्गो नेपालका लागि प्राप्त भएको गौरव हो। नेपालगन्ज धारा म्याराथन एउटा माध्यम मात्र बनेको हो।"

उनका अनुसार प्रतियोगिताले अनेकौँ चुनौती पार गरेको छ। कोभिड-१९ महामारीका बेला विश्वभर अधिकांश खेल गतिविधि रोकिए पनि नेपालगन्ज धारा म्याराथन पूर्ण रूपमा रोकिएन। नेपाल सरकारले तय गरेको स्वास्थ्य मापदण्ड पालना गर्दै २५ पुरुष र २५ महिलाको सहभागितामा प्रतियोगिता सञ्चालन गरिएको अध्यक्ष ठकुरीले बताए। कठिन परिस्थितिमा पनि प्रतियोगिताको निरन्तरता कायम राख्न सक्नु नै यसको सबैभन्दा ठूलो उपलब्धिमध्ये एक भएको उनको भनाइ छ। 'नेपालगन्ज धारा म्याराथन'को अन्तरराष्ट्रिय यात्रामा निजी क्षेत्रको साथ पनि उत्तिकै महत्वपूर्ण रहेको उनले उल्लेख गरे। मुख्य प्रायोजक के एल दुग्गड ग्रुपले सुरुदेखि देखाएको विश्वास, स्थानीय समुदायको साथ र स्वयंसेवकको समर्पणकै कारण आजको उपलब्धि सम्भव भएको उनको भनाइ छ।

नेपालगन्ज धारा म्याराथनको सफल यात्रामा मुख्य प्रायोजकका रूपमा निरन्तर साथ दिँदै आएको 'केएल दुग्गड ग्रुप'को योगदानलाई आयोजकले महत्वपूर्ण उपलब्धिका रूपमा लिने गरेका छन्। सुरुआतदेखि नै प्रतियोगितालाई आर्थिक तथा नैतिक रूपमा साथ दिँदै आएको कम्पनीले खेलकुदलाई सामाजिक उत्तरदायित्वसँग जोडेर हेरेको छ।

संस्थापक अध्यक्ष टिएस ठकुरीका अनुसार निजी क्षेत्रको विश्वास र सहकार्यबिनाको अवस्थामा नेपालगन्ज धारा म्याराथनलाई निरन्तरता दिन निकै कठिन हुने थियो। प्रायोजक संस्थाको विश्वासले मात्र प्रतियोगितालाई स्थायित्व दिएको होइन, अन्तरराष्ट्रिय मञ्चसम्म पुग्ने आत्मविश्वाससमेत प्रदान गरेको उनको भनाइ छ। 'के एल दुग्गड ग्रुप' का नेपालगन्ज प्रमुख कार्यकारी अधिकृत प्रदीप छाजेडले नेपालगन्ज धारा म्याराथनले प्राप्त गरेको अन्तरराष्ट्रिय सम्मान सम्पूर्ण नेपालका लागि गर्वको विषय भएको बताए।

"हामीले नेपालगन्ज धारा म्याराथनलाई सुरुदेखि नै एउटा खेल प्रतियोगिताभन्दा पनि नेपालगन्जको पहिचान निर्माण गर्ने अभियानका रूपमा हेरेका थियौँ। आज एम्स सोसल अवार्ड-२०२६ प्राप्त हुनु हामी सबैका लागि अत्यन्त गौरवको क्षण हो। उनले भने, "हाम्रो सानो सहयोगले यति ठूलो उपलब्धिमा साथ दिन पाएकामा खुसी लागेको छ। यो सम्मानले निजी क्षेत्र र खेलकुदबीचको सहकार्यले असम्भव जस्तो लाग्ने लक्ष्य पनि हासिल गर्न सकिन्छ भन्ने सन्देश दिएको छ। आगामी दिनमा पनि हाम्रो साथ निरन्तर रहनेछ।"

बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष भीमराज शाहीले नेपालगञ्ज धारा म्याराथनले अन्तरराष्ट्रिय सम्मान प्राप्त गर्ने समाचार सुरुमा आफूलाई विश्वास नै नलागेको बताए। "पहिलो पटक अवार्ड पाउने कुरा सुन्दा मैले कल्पना पनि गरेको थिइन। औपचारिक रूपमा अवार्ड प्राप्त गर्ने कुरा पक्का भएपछि पनि पत्यार लागिरहेको थिएन", उनले भने, "जब टिएसजीले वास्तवमै यो सम्मान प्राप्त गर्नुभयो, त्यसपछि खुसीको सीमा नै रहेन।" यो नेपालगन्जको मात्र उपलब्धि नभएर सिङ्गो नेपालको नाम विश्व खेलकुद समुदायमाझ चिनाउने ऐतिहासिक सफलता भएको पनि उनले बताए। उनका अनुसार यस्ता व्यक्तित्व र अभियानलाई राज्यले पनि उचित सम्मान गर्नुपर्छ।

नेपालगन्ज धारा म्याराथनको प्रचारप्रसार तथा सञ्चार व्यवस्थापनमा सुरुदेखि नै सक्रिय भूमिका निर्वाह गर्दै आउनुभएका हाम्रो खेलकुद डटकमका सम्पादक प्रकाश तिमिल्सेनाले पनि यस्ता अन्तरराष्ट्रिय सम्मानले नेपालको खेलकुद क्षेत्रको सम्भावनालाई थप उजागर गरेको बताए।

"खेलकुदमा प्राप्त हुने अन्तरराष्ट्रिय सम्मानले देशको प्रतिष्ठा बढाउने काम गर्छ। नेपालगन्ज धारा म्याराथनले प्राप्त गरेको यो उपलब्धिले नेपाली खेलकुद विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्षम रहेको प्रमाणित गरेको छ", तिमिल्सेनाले भने, "अब यस्ता अभियानलाई सरकारले नीतिगत, आर्थिक तथा पूर्वाधारका हिसाबले अझ बढी सहयोग गर्नुपर्छ। निजी क्षेत्र, सञ्चारमाध्यम र खेल संस्थाबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउनसके नेपालबाट अझ धेरै अन्तरराष्ट्रिय सफलता हासिल गर्न सकिन्छ।"

महिला राष्ट्रिय क्रिकेट टोलीकी पूर्वउपकप्तान तथा सञ्चारकर्मी ममता थापा पहिलो संस्करणदेखि नै नेपालगन्ज धारा म्याराथनसँग प्रत्यक्ष रूपमा जोडिँदै आएको छ। उनले प्रतियोगिताको सुरुदेखिको सङ्घर्ष र अहिलेको उपलब्धि नजिकबाट देख्नुभएको अनुभव सुनाउँदै यो सम्मान सम्पूर्ण नेपाली खेलाडीका लागि प्रेरणाको स्रोत बनेको बताए। "धारा म्याराथनले यस्तो प्रतिष्ठित अन्तरराष्ट्रिय अवार्ड प्राप्त गर्ला भन्ने मैले पनि सोचेकी थिइनँ। अवार्ड प्राप्त गरेको खबर सुनेपछि निकै खुसी लाग्यो", उनले भने, "म स्वयं खेलाडी भएकाले यो उपलब्धिको महत्व अझ गहिरोसँग महसुस गर्न सक्छु। यसले नेपालका खेलाडीलाई मेहनत र निरन्तरताले विश्वस्तरमा पनि पहिचान बनाउन सकिन्छ भन्ने आत्मविश्वास दिएको छ। यो धारा म्याराथुनको मात्र सफलता होइन, सम्पूर्ण नेपाली खेलकुद परिवारको गौरवको विषय हो।"

खेलकर्मीहरूका अनुसार नेपालगन्ज धारा म्याराथनले केबल धावन प्रतियोगिता आयोजना गर्ने काम मात्र गरेको छैन। यसले खेलमार्फत सामाजिक एकता, स्वस्थ जीवनशैली, पर्यटन प्रवर्द्धन, स्थानीय अर्थतन्त्रको चलायमानता तथा नेपालगन्जको अन्तरराष्ट्रिय पहिचान निर्माणमा उल्लेखनीय योगदान पुऱ्याएको छ। प्रतियोगिताका अवसरमा देशका विभिन्न जिल्लासँगै विदेशबाट पनि धावक नेपालगन्ज आउनेक्रम बढ्दै गएको छ। यसले होटल, यातायात, रेष्टुरेन्ट, व्यापार तथा अन्य सेवा क्षेत्रमा सकारात्मक प्रभाव पारेको स्थानीय व्यवसायीहरूको अनुभव छ।

# विपद्मा नसर्ने रोगको सेवा निरन्तरताको खाँचो



◣युग संवाददाता
काठमाडौँ, ३१ असार।

नेपालमा बढ्दो नसर्ने रोगको जोखिमलाई कम गर्न स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल आवश्यक रहेकामा जोड दिइएको छ। साथै जोखिमलाई सामना गर्न विपद्का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताका लागि संयुक्त प्रयासको खाँचो औँल्याइएको छ।

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित उत्थानशील नसर्ने रोग परियोजनाद्वारा 'विपद्का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताको लागि अत्यावश्यक प्रतिकार्य प्याकेज' विषयक गोलमेच छलफल कार्यक्रम सो खाँचो औँल्याइएको हो। कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले सासाइटीले विभिन्न मानवीय सेवाका गतिविधिलाई निरन्तर जारी रहेको जानकारी दिए।

स्वास्थ्य सेवा विभाग, नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाका प्रमुख डा पोमावती थापाले 'नेपालमा नसर्ने रोगको वर्तमान अवस्था, उपलब्धि तथा सन् २०३० सम्मको राष्ट्रिय कार्यदिशा' विषयक प्रस्तुति गर्दै नेपालमा बढ्दो नसर्ने रोगको चुनौतीलाई सम्बोधन गर्न विपद् जोखिम व्यवस्थापनसँग स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल अपरिहार्य रहेकामा जोड दिए।

उनले भने "विभिन्न कारणले पछिल्लो समय नेपालमा सरुवा भन्दा नसर्ने रोगको जोखिम उच्च हुँदै गएको छ। यसलाई सम्बोधन गर्न संयुक्त प्रयासको खाँचो पर्दछ।" कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले नसर्ने रोगको जोखिममा रहेका समुदायको पहिचान गरी त्यहीअनुसारको पूर्वतायरी गर्नुपर्ने आवश्यतका औँल्याए। डेनिस रेडक्रसको देशीय व्यवस्थापक (नेपाल र बङ्गलादेश) डेभिड फोग्देनले नसर्ने रोगको विश्वव्यापी तथ्याङ्कलाई अध्ययन गर्दा अवस्था गम्भीर रहेको पाइएको बताए।

उनले समुदायमा विपद् प्रतिरोधात्मक स्वास्थ्य प्रणालीको विकास, गैरसरुवा रोगको प्रभावकारी व्यवस्थापन तथा साझेदारीमा आधारित कार्यलाई आगामी दिनमा अझ सशक्त रूपमा अघि बढाउनुपर्नेमा सुझाव दिए।

नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले विपद्का अवस्थामा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूका लागि स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्न बहुपक्षीय सहकार्य र नीतिगत समन्वय आवश्यक छ भने।

डेनिस रेडक्रसका नेपाल कार्यक्रम संयोजक निरु प्रधान तथा नेपाल रेडक्रस सोसाइटीका कार्यक्रम संयोजक प्रमोद अधिकारीले बिपद्को समयमा नसर्ने रोगसम्बन्धी बिरामीहरूका लागि उपचार तथा आवश्यक स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले सञ्चालन भइरहेको उत्थानशील नसर्ने रोग परियोजनाका प्रमुख उपलब्धि तथा सिकाइहरू प्रस्तुत गरेका थिए।

नेपाल रेडक्रस, स्वास्थ्य सेवा विभागका कार्यक्रम संयोजक अनिल महर्जनले परियोजनाअन्तर्गत गरिएको अध्ययन तथा अनुसन्धानका प्रमुख निष्कर्ष प्रस्तुत गर्दै समुदायस्तरमा नसर्ने रोग व्यवस्थापनलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग आबद्ध गर्नुपर्ने आवश्यकता औँल्याएका थिए।

कार्यक्रममा नसर्ने रोगसम्बन्धी सेवाको व्यावहारिक कार्यान्वयन, नीतिगत अवसर, स्वास्थ्य प्रणालीमा प्रभावकारी एकीकरण तथा दिगो संस्थागत व्यवस्थापनका विषयमा सहभागीहरूबीच अन्तरक्रियात्मक छलफल भएको थियो।

## कर्णालीका...

साथै वन, अनुसन्धान तथा प्रशिक्षण केन्द्र सुर्खेत, मानव संशाधन विकास केन्द्र सुर्खेत, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र सुर्खेतलाई खारेज गर्ने निर्णय भएको थियो।

बैठकले कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने, व्यवस्थापन परीक्षण निर्देशिका, २०८३ स्वीकृत गर्ने, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको पदमा प्रदेश सचिव लक्ष्मीकुमार विकलाई थप जिम्मेवारीसहित कामकाजमा खटाउने, कर्णाली प्रदेश बीउबिजन नियमावली, २०८३ र सडक मर्मतसम्भार निर्देशिका, २०८३ स्वीकृत गर्ने निर्णय गरेको उनले बताए।

## सुदूरपश्चिमका ...

राज्यमन्त्री निर्मला साउदलाई पदमुक्त गरे।

यो निर्णयसँगै कांग्रेस-एमाले सहकार्य औपचारिक रूपमा अन्त्यतर्फ उन्मुख भएको छ। मन्त्री बर्खास्त भएपछि एमाले संसदीय दलले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको छ। संसदीय दलका नेता राजेन्द्रसिंह रावलले मुख्यमन्त्री शाहले सहमतिका लागि भएका प्रयासलाई बेवास्ता गर्दै एकलौटी ढंगले अघि बढेको आरोप लगाए।

बजेट निर्माण प्रक्रियामै असन्तुलन भएकाले खर्च कटौती प्रस्ताव दर्ता गर्न बाध्य भएको उनले बताए। 'मुख्यमन्त्रीले साढे पाँच अर्बभन्दा बढी बजेट आफ्नै निर्वाचन क्षेत्रमा केन्द्रित गर्नुभयो। पटकपटक सहमतिका लागि आग्रह गर्दा पनि उहाँले दम्भपूर्ण शैली अपनाउनुभयो,' रावलले भने।

एमालेले समर्थन फिर्ता लिएसंगै मुख्यमन्त्री शाह नेतृत्वको सरकार अल्पमतमा परेको छ। अब शाह सरकारका अगाडि विश्वासको मत लिनुपर्ने अवस्था आएको छ। त्यसअघि आगामी आर्थिक वर्षको बजेट पारित गर्ने चुनौती पनि थप जटिल बनेको छ। बजेट पारित गर्ने समय मुख्यमन्त्री शाहका सामु आज मात्र बाँकी छ।

# हात्तीको आहारा र नदी संरक्षणका लागि बाँके निकुञ्जको अभियान

◣सरला सुवेदी
बाँके, ३१ असार।

जैविक विविधता संरक्षण, वन्यजन्तुको बासस्थान सुधार तथा नदी कटान नियन्त्रणलाई एकैसाथ सम्बोधन गर्ने उद्देश्यका साथ बाँके राष्ट्रिय निकुञ्जले वृक्षारोपण अभियान सुरु गरेको छ। निकुञ्जभित्रका जलाशय, नदी किनार तथा तटबन्ध क्षेत्रलाई हराभरा बनाउने लक्ष्यसहित यस वर्ष चार हजार बिरुवा रोपिएको छ। अभियानमा विशेषगरी जङ्गली हात्तीको प्राकृतिक आहारा मानिने बाँसका बिरुवालाई उच्च प्राथमिकता दिइएको छ।

निकुञ्ज प्रशासनका अनुसार जलाशय आसपासका क्षेत्रमा हरियाली विस्तार गर्दै वन्यजन्तुका लागि दिगो खाद्य स्रोत र सुरक्षित बासस्थान तयार गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको हो। यसले वन्यजन्तुलाई वनभित्रै पर्याप्त आहारा उपलब्ध गराई मानव बस्तीमा प्रवेश गर्ने सम्भावना घटाउने अपेक्षा गरिएको छ।

बाँके राष्ट्रिय निकुञ्जका प्रमुख



बिरेन्द्र प्रसाद कडेलका अनुसार गत वर्ष निर्माण गरिएका जलाशय वरपरका क्षेत्रमा यस वर्ष योजनाबद्ध रूपमा वृक्षारोपण गरिएको हो। दहचण्डी जलाशय, डोना जलाशय, सुतैया तालको तटबन्ध क्षेत्र तथा अधेरी जलाशय क्षेत्रमा मात्र तीन हजार बाँसका बिरुवा रोपिएका छन्। यस बाहेक अन्य विभिन्न प्रजातिका एक हजार बिरुवा समेत रोपिएसँगै कुल चार हजार बिरुवा रोपिएको निकुञ्जले जनाएको छ।

निकुञ्जका अनुसार बाँस जङ्गली हात्तीको प्रमुख प्राकृतिक आहारा हो। भविष्यमा हात्तीका लागि वनभित्रै पर्याप्त खाद्य स्रोत उपलब्ध गराउने, उनीहरूको आवतजावत सहज बनाउने तथा मानव-हात्ती द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले बाँसलाई विशेष प्राथमिकतामा राखिएको हो।

यससँगै बाँसको बलियो जराले नदी किनारको माटो मजबुत बनाइ राख्ने भएकाले भूक्षय तथा नदी कटान नियन्त्रणमा समेत उल्लेखनीय सहयोग पुग्ने विश्वास गरिएको छ। तटबन्धलाई दीर्घकालीन रूपमा सुरक्षित राख्न, जलाशय क्षेत्रको पारिस्थितिकीय सन्तुलन कायम गर्न तथा हरियाली विस्तार गर्न पनि यो अभियान प्रभावकारी हुने निकुञ्जको अपेक्षा छ। जलवायु परिवर्तनका कारण बढ्दो बाढी, कटान र वन्यजन्तुको बासस्थानमा परेको दबाबलाई मध्यनजर गर्दै निकुञ्जले संरक्षणमुखी कार्यक्रमलाई थप प्राथमिकता दिएको जनाएको छ। वृक्षारोपणसँगै बिरुवाको संरक्षण, नियमित अनुगमन तथा आवश्यक हेरचाहका कार्यक्रमसमेत सञ्चालन गरिने निकुञ्जले जनाएको छ।

निकुञ्जको यो पहलले वन संरक्षणलाई थप सुदृढ बनाउनुका साथै वन्यजन्तुका लागि सुरक्षित र अनुकूल वातावरण सिर्जना गर्ने विश्वास गरिएको छ। जलाशय आसपास पानी, घाँस र प्राकृतिक आहाराको उपलब्धता बढ्दै जाँदा वन्यजन्तुको जीवनचक्र सहज बन्ने, जैविक विविधता संरक्षणमा सकारात्मक योगदान पुग्ने तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा समेत महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। स्थानीय समुदाय र सरोकारवाला निकायको सहकार्यमा यस्ता संरक्षणमुखी अभियानलाई निरन्तरता दिने निकुञ्जको योजना रहेको छ।

# टीकापुर उद्यानमा पर्यटकको आकर्षण

◣युग संवाददाता
कैलाली, ३१ असार।

कैलालीको टीकापुर नगरपालिका-५ मा रहेको टीकापुर उद्यान यस वर्ष दुई लाखभन्दा बढी पर्यटकले अवलोकन गरेका छन्। उद्यानबाट चालु आर्थिक वर्षमा रु एक करोड ३५ लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ। यो राजस्व टीकापुर नगरपालिकाको आन्तरिक स्रोतको प्रमुख आधार हो।

यस वर्ष आन्तरिक तथा बाह्य गरेर झन्डै दुई लाख ३० हजार पर्यटकले टीकापुर उद्यान अवलोकन गरेको उद्यानमा कार्यरत कर्मचारी विनोद चौधरीको भनाइ छ। उनका अनुसार अन्य समयको तुलनामा वर्षातृको समयमा उद्यान घुम्न आउने पर्यटकको सङ्ख्या उसै पनि कम हुने गरेको छ। दसैं सुरु भएदेखि पार्कमा पर्यटकको सङ्ख्या बढ्न थाल्छ।

टीकापुर दौलतपुरको कर्णाली नदीमा बर्दियाको राजापुर जोड्ने झुलुङ्गे पुल निर्माण भएपछि भने उद्यानमा आउने पर्यटकमा निकै कमी आएको छ। झोलुङ्गे पुल निर्माण भएसँगै टीकापुर उद्यान आउने पर्यटक पुल केन्द्रित हुँदा पार्क सुनसान देखिएको छ। प्रतिव्यक्ति ५० रुपैयाँ तिरेर उद्यान अवलोकन गर्ने पर्यटक निःशुल्क पुलको अवलोकन गरेर फर्कन थालेका छन्। "आजभोलिको समयमा पनि दिनमा दुईतीन सयसम्म पर्यटक उद्यान अवलोकन गर्न आउँथे। यसपटक भने पुल बनेपछि उद्यान आउने पर्यटन दैनिक एक सय पनि पुगनपुग हुन्छ।" उनी भन्छन्, "यहीँ पार्कको प्रवेशद्वारमा पुगेका पर्यटकभित्र नआई पुलतिर मोडिन्छन्।"

वर्षातृको समयमा बढ्दै गएको कर्णाली नदीको बहावसँगै नदीले बनाएका फाँटको अवलोकन तथा फोटो, भिडियो खिच्ने पर्यटकले भरिभराउ हुन थालेको छ। अझै सार्वजनिक बिदाको दिन पुलको अवलोकन गर्न हजारौँ आउने गरेका छन्। "यो नयाँ ठाउँ, आकर्षक भ्यू देखिने भएको हुँदा घुम्न आएका हौँ", बर्दियाको गेरुवा गाउँपालिकाकी सम्झना मगरले भने, "पुलबाट देखिने कर्णाली नदीको दृश्य निकै सुन्दर छ भने चिसो हावाको बेगले झन् आनन्द महसुस हुन्छ।"

# पुनर्वास नगरपालिकाद्वारा विपद् उद्धार सामग्री हस्तान्तरण



◣युग संवाददाता
कञ्चनपुर, ३१ असार ।

कञ्चनपुरको पुनर्वास नगरपालिकाले सशस्त्र प्रहरी बललाई विपद् उद्धार सामग्री हस्तान्तरण गरेको छ। यहाँको दक्षिण क्षेत्रमा रहेको पालिकामा दोदा नदीले क्षति पुर्‍याउँदै आएको छ भने वर्षात्का समयमा डुबानलगायत समस्याका कारण पालिकाका नागरिक प्रभावित हुने गरेको पुनर्वास नगरपालिकाले जनाएको छ।

विपद् तथा बाढीका बेला हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि उद्धारमा खटिने सशस्त्र प्रहरीलाई एक थान रवर बोट र दश थान 'लाइफ ज्याकेट'लगायतका उद्धार सामग्री नगरपालिकाले उपलब्ध गराएको सशस्त्र प्रहरी बल नं ३५ शैलेश्वरी गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक प्रेमप्रकाश सिग्देलले जानकारी दिए। उनले उक्त सामग्री पुनर्वासमै रहेको सशस्त्र प्रहरी बलको बिओपीलाई हस्तान्तरण गरिएको बताए।

त्यसैगरी, सशस्त्र प्रहरी बल नं ७ वैद्यनाथ बाहिनी अत्तरियाले मङ्गलबार पुनर्वास नगरपालिकामा सीमावासीसित अन्तर्क्रियासमेत गरेको छ। कार्यक्रममा स्थानीय, जनप्रतिनिधि, सुरक्षा निकाय तथा सरोकारवालाबीच सीमा क्षेत्रमा देखिएका समस्या, लागुऔषध नियन्त्रण, तस्करी, मलखाद अभाव, सीमा विवाद तथा विपद् व्यवस्थापनका विषयमा छलफल भएको सशस्त्र प्रहरी बल वैद्यनाथ बाहिनीले जनाएको छ।

स्थानीयहरूले भारतबाट घरायसी प्रायोजनका लागि सर्वसाधारण नागरिकले ल्याउने सामान्य सामानमा धेरै दुःख दिन नहुने धारणा राखेका थिए। अखाद्य वस्तु तथा तस्करीजन्य सामग्री हो या होइन छुट्याएरमात्रै कारबाही गर्नसमेत उनीहरूले माग गरेका छन्। स्थानीय बजार नै बन्द हुने अवस्था सृजना भएको बताउँदै नेपालमा खोर र भारतबाट कुखुरा ल्याउनेजस्ता गतिविधिमा नियन्त्रण गर्न सशस्त्र प्रहरीले जोड दिनुपर्ने सुझाव दिएका छन्। यस्तै लागुऔषध नियन्त्रणमा जनशक्ति व्यवस्थापन गरी प्रभावकारी बनाउन आग्रह गरेका छन्।

सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ बाहिनी मुख्यालयका बहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दिगविजय सुवेदीले कञ्चनपुरमा हाल चारवटा सीमा सुरक्षा पोस्ट (बिओपी)मा नयाँ भवन निर्माण भइसकेको र आगामी वर्ष थप तीनवटा बिओपीमा नयाँ भवन निर्माण हुने प्रक्रिया अघि बढेको जानकारी दिए। उने व्यक्तिगत प्रयोजनका लागि रु ५०० भन्दा बढी मूल्यका सामान नल्याउन आग्रह गर्दै विवाह, पूजा वा अन्य बहानामा हुने तस्करी नियन्त्रण गरिने स्पष्ट पारे।

खराब नियतका सुरक्षाकर्मीमाथि तत्काल कारबाही हुने बताउँदै किसानलाई आवश्यक मल ल्याउन सहजता दिइने तर तस्करीमा संलग्नमाथि कडा कारबाही गरिने बताए। गत वर्ष असारको तुलनामा यस वर्ष ६५ प्रतिशत राजस्व वृद्धि भएको जानकारी दिँदै पत्रकारलाई पुराना तस्बिर प्रयोग नगर्न र आवश्यक परे नयाँ तस्बिर माग्न आग्रह गरे। सीमा विवाद समाधानका लागि दुवै देशका प्राविधिक टोलीले काम गरिरहेको र विपद् व्यवस्थापनमा पालिकासँग समन्वय गरी काम भइरहेको उनले बताए। साथै, विपद् स्वयंसेवक परिचालन तथा 'लुना एप' प्रणाली सञ्चालनमा ल्याइएको जानकारी दिए।

कार्यक्रमका पुनर्वास नगरपालिकाका प्रमुख तोयप्रसाद शर्माले सर्वसाधारणले दैनिक उपभोगका सामान्य घरायसी सामान भारतबाट ल्याउँदा सहज वातावरण बनाउन आग्रह गरे। तस्करी, अखाद्य वस्तु, मदिरा तथा अन्य अवैध सामानमाथि भने कडाइ गर्नुपर्नेमा उहाँले जोड दिए। उनले लागुऔषध पुनर्वासका लागि गम्भीर चुनौती बनेको बताउँदै केही स्थानीय युवा यसको चपेटामा परेको बताए।

किसानलाई मल ल्याउन सहज वातावरण बनाउन, जनप्रतिनिधिको सुझाव सुरक्षा निकायले सुन्न, वडाध्यक्षहरूसँग नियमित समन्वय गर्न पनि उहाँले सशस्त्र प्रहरीलाई आग्रह गरे। सीमा क्षेत्रमा देखिएका समस्या समाधानका लागि नगरपालिकाले आफ्नो तर्फबाट आवश्यक पहल गरिरहेको उनले बताए। साथै नेपाल प्रहरी र सशस्त्र प्रहरीले विपद्का समयमा पुर्‍याएको योगदानका लागि धन्यवाद व्यक्त गरे।

# तत्कालीन थारू राज्यको राजधानी सुकौराकोट संरक्षण गरिँदै

◣युग संवाददाता
दाङ, ३१ असार ।

थारू राजादङ्गीशरणले १३औँ शताब्दीमा राजधानी बनाएर राज्य गरेको तुलसीपुर उपमहानगरपालिका-११ सुकौराकोट क्षेत्रको अब संरक्षण गरिने भएको छ। पर्यटन डिभिजन कार्यालय, कोहलपुरले दरबारको संरक्षण, जीर्णोद्धार तथा पुनर्निर्माणका लागि बोलपत्र आह्वान गरेको छ।

थारू समुदायको ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको ठाउँ भए पनि लामो समयदेखि संरक्षण हुनसकेको थिएन। उक्त क्षेत्रको भौतिक पूर्वाधार निर्माण गर्न रु चार करोड ९० लाखको बोलपत्र आह्वान गरिएको नगरपालिकाले जनाएको छ। लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संरक्षण र पुनर्निर्माणपछि पर्यटन गन्तव्यका रूपमा सुकौराको विकास र विस्तार हुने विश्वास व्यक्त गरे।

हाल सुकौरामा रहेको भ्यूटावर भने अहिले पनि सबैको आकर्षणका रूपमा रहेको छ। यसअघि त्यहाँ निर्माण भएको हरितपार्क भने पछिल्लो समय अलपत्र अवस्थामा छ। त्यस क्षेत्रलाई थारू सभ्यता र इतिहाससँग जोडिएको महत्त्वपूर्ण दरबार क्षेत्रका रूपमा लिने गरिएको छ। सो स्थानमा दङ्गीशरणले सिकार खेलेको, नुहाएको र राजकाज गर्ने क्रममा निर्माण गरिएको कोटलगायतका संरचना अहिले पनि देख्न सकिन्छ।

दाङमा औलो लाग्ने र गर्मी हुने भएकाले दङ्गीशरणले गर्मी छल्नका लागि त्यस क्षेत्रको चुरे पहाडको शिखरमा बनाइएका भौतिक पूर्वाधारसहितको क्षेत्रलाई राजाकोट नामले परिचित छ। त्यस्तै राजाको दरबारको नजिक सिकार खेल्ने वन र रानी नुहाउने गरेको बुल्बुल्या तालसमेत रहेको छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री इन्द्रा कुमारी कँडेल धनि रहेको, दर्ता नम्बर ३५२५/०७४/०७५ बाट राकम-०६, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको पि.आर कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट उद्योग हाम्रो घरायसी कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

# डेङ्गुको जोखिममा कञ्चनपुर, सतर्कता अपनाउन आग्रह

◣युग संवाददाता
कञ्चनपुर, ३१ असार ।

कञ्चनपुरमा चालु आर्थिक वर्षको पछिल्लो छ महिनामा मात्रै जिल्लामा २८ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ। सुदूरपश्चिम प्रदेशका नौ जिल्लामध्ये सबैभन्दा बढी सङ्क्रमित कञ्चनपुरमै भेटिएपछि स्वास्थ्य निकायहरूले सतर्कता अपनाउन र समुदायस्तरमा रोकथामका गतिविधिलाई प्रभावकारी बनाउन आग्रह गरेका छन्।

स्वास्थ्य कार्यालयका औलो निरीक्षक तथा कीटजन्य रोग सम्पर्क व्यक्ति (फोकल पर्सन) सिद्धराज भट्टका अनुसार जनवरीमा पाँच, फेब्रुअरीमा छ, मार्चमा पाँच, अप्रिलमा सात, मेमा दुई र जुनमा तीन जना गरी २८ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको हो।

उनका अनुसार यही अवधिमा सुदूरपश्चिम प्रदेशभर कुल ७० जनामा सङ्क्रमण देखिएको छ। जसमा कञ्चनपुरपछि अछाममा १३, कैलालीमा १०, डडेल्धुरामा आठ, बझाङमा छ, डोटीमा तीन तथा दार्चुला र बैतडीमा एक-एक जना सङ्क्रमित फेलापरेका छन्।

डेङ्गु 'एडिस एजिप्टाई' र 'एडिस एल्बोपिक्टस' प्रजातिको सङ्क्रमित लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग हो। यो लामखुट्टेले प्रायः सफा र जमेको पानीमा फुल पार्ने तथा दिउँसो बढी सक्रिय रहने भएकाले घर, विद्यालय, कार्यालय र सार्वजनिकस्थल वरपर पानी जम्न नदिन विशेष ध्यान दिन आवश्यक रहेको भट्टले बताए।

"डेङ्गुका चार प्रकारका विषाणु हुन्छन्", भट्टले भने, "एकपटक लागेको प्रकारको डेङ्गु पुनः नलागे पनि अर्को प्रकारको सङ्क्रमण हुनसक्छ, दोस्रो पटक हुने सङ्क्रमण अझ जटिल र जोखिमपूर्ण हुने भएकाले थप सचेत रहन आवश्यक छ।"

डेङ्गुको सङ्क्रमणकाल सामान्यतया तीनदेखि १० दिनसम्म रहने गर्दछ। सङ्क्रमण भएपछि १०२ देखि १०३ डिग्री फरेनहाइटसम्म ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, पेट तथा जोर्नी दुख्ने, वाकवाकी लाग्ने, शरीरमा राता बिमिरा देखिने तथा गम्भीर अवस्थामा आन्तरिक वा बाह्य रक्तस्रावसमेत हुनसक्ने स्वास्थ्य कार्यालयले जनाएको छ।

शुक्लाफाँटा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्टले सङ्क्रमित व्यक्तिको समयमै परीक्षण र उपचार गर्न सके डेङ्गुबाट हुने मृत्युदर दुई प्रतिशतभन्दा कममा सीमित गर्न सकिने बताए। उनका अनुसार शिशु, गर्भवती, ज्येष्ठ नागरिक, मोटोपन भएका व्यक्ति, दीर्घरोगी तथा अत्यधिक रक्तस्राव भएका बिरामी डेङ्गुको उच्च जोखिममा पर्दछन्। उनले ज्वरो कम गर्न सिटामोल प्रयोग गर्न सकिने तर आइबुप्रोफेन र एस्पिरिनजस्ता औषधि चिकित्सकको सल्लाहबिना कदापि प्रयोग नगर्न सुझाव दिए।

एउटा एडिस लामखुट्टेको आयु करिब ३० दिन हुन्छ। यस अवधिमा एउटा पोथी लामखुट्टेले पाँच सय देखि एक हजारसम्म अण्डा पार्न सक्छ। सङ्क्रमित लामखुट्टेको अण्डाबाट जन्मिने नयाँ लामखुट्टेमा पनि डेङ्गुको विषाणु रहन सक्छ।

स्वास्थ्यकर्मी कृष्णराज जोशीका अनुसार डेङ्गु सार्ने लामखुट्टेका अण्डाहरू पानी नहुँदा पनि महिनौँसम्म जीवित रहन सक्छन्। त्यसैले पानी जम्न नदिनु नै यसको नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय हो।

नेपालमा डेङ्गु पहिलोपटक २०६१ साल (सन् २००४) मा एक विदेशी नागरिकमा पुष्टि भएको थियो। त्यसयता यो सङ्क्रमण हरेक वर्ष विभिन्न जिल्लामा फैलिरहेको छ। हाल जलवायु परिवर्तन, तीव्र सहरीकरण, कमजोर रोग निगरानी प्रणाली, समयमै परीक्षणको अभाव, बसाइँसराइ र समुदायको न्यून सहभागितालाई डेङ्गु नियन्त्रणका प्रमुख चुनौतीका रूपमा औँल्याइएको छ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।